आज मिति २०७७ साल जेठ २ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| व.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्दलाल मुल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: आ.व.२०७७।०७८ को वार्षिक बजेट निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.२: विभिन्न कार्यविधि पारित सम्बन्धमा ।
प्रस्ताव नं.३: कोरोना संकमण रोकथाम, नियन्त्रण र उपचार एवं राहत कोषको रकम सम्बन्धमा ।
प्रस्ताव नं.४: क्वारेन्टिन निर्माण एवं व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५: राहत वितरण प्रगति प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.६: बैंक तथा वित्तीय संस्था खोल्ने अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.७: भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन सम्बन्धमा ।
प्रस्ताव नं.८: पसल बन्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: योजनाको सम्झौता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: समपुरक तथा विशेष अनुदानका योजनाहरुको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: भारत सरकारको सहयोगमा संचालित साना विकास परियोजना सम्बन्धमा ।
प्रस्ताव नं.१२: आयोजना कार्यान्वनयका लागि निर्देशन दिने सम्बन्धमा ।
प्रस्ताव नं.१३: रेडियो तथा टेलिभिजनमा कृषि तथा भेटेरीनरी सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा ।
प्रस्ताव नं.१४: राहत उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१५: उचार खर्च सम्बन्धमा ।
प्रस्ताव नं.१६: ल्याबको दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: विपद् कोषमा रकम व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८: अधिकार प्रत्यायोजन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७।०७८ को वार्षिक नीति तथा कार्यक्रमका लागि सबै वडाहरुबाट २०७७ जेठ २० गते भित्र सम्बन्धित पक्षहरुसँग छलफल गरी कृषि र शिक्षालाई प्राथमिकतामा राखी उपलब्ध गराइएको बजेट सम्बन्धी मार्गदर्शन बमोजिम वडागत योजनाहरु पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा तपसिल अनुसारका कार्यविधिहरु संशोधन सहित पारित गर्ने निर्णय गरियो ।
(क) कृषि प्रबर्द्धन तथा नियमन कार्यविधि २०७७
(ख) आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०७७
(ग) अनुगमन कार्यविधि, २०७७

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार एवं राहत कोषमा प्रदेश सरकारबाट प्राप्त रु.१०,००,०००।, नगरपालिकाबाट विनियोजित रु.५१,००,०००।, नेपाली कांग्रेसबाट रु.५,००,०००।, ने.क.पा.बाट रु१,११,१११। नगरपालिकामा कार्यरत कर्मचारीहरुको तलब कट्टा लगायत विभिन्न संघ संस्था र व्यक्तिगत सहयोग समेत गरी रु.७४,८९,११६।६६ जम्मा हुन आएको रकम नियमानुसार आम्दानी बाँधी सोही क्षेत्रमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको पहलमा भएको सबै पालिका प्रमुखहरुको वैठकबाट हरेक पालिकामा क्वारेन्टिन निर्माण गर्ने सम्बन्धी निर्णयलाई कार्यान्वयन

गर्न यस नगरपालिकाको वडा नं. ४ स्थित मदर्शा प्रा.वि.मा २५ वेड र व्यास १ स्थित निर्मल मा.वि.मा २५ वेड समेत गरी हाललाई तत्काल ५० वेडको क्वारेन्टिन निर्माण एवं व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट हालसम्म ३५९२ र अन्य विभिन्न संघ संस्थाबाट ८९९ गरी जम्मा ४४९१ घर परिवारलाई राहत वितरण गरिएको विवरण अनुसार भएको खर्च, औषधी उपचार र क्वारिन्टन व्यवस्थापन खर्च समेत रु. ६९,४१,५५२ (उनान्सत्तरी लाख एकचालिस हजार पाँच सय बाउन्न रुपैंया) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्थित बैंक तथा वित्तीय संस्थाहरुलाई हप्तामा १ दिन मात्र बिहान ११ वजेदेखि दिउँसो २ वजेसम्म सञ्चालन गर्न र अत्यधिक ग्राहकहरुको चाप हुने वैंकलाई हप्तामा २ दिन मात्र खोल्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तरगत सबै वडाहरुमा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको २०७७ जेठ १० गतेभित्रलगत लिई सुकुम्बासी समस्या समाधान आयोगमा तथ्याङ्क पठाउने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा कोरोना भाईरसको बढ्दो प्रभावलाई ध्यानमा राखी तनहुँ उद्योग वाणिज्य संघले २०७७ जेठ ३ गतेदेखि ५ गतेसम्म ३ दिन तरकारी, फलफुल, खाद्यान्न, हार्डवेयर समेतका पसलहरु बन्द गर्ने निर्णय गरेकाले त्यसलाई समर्थन गरी नगरबासीहरुलाई सहयोग पुर्याउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६।०७७ मा सम्झौता हुन बाँकी रहेका योजनाहरुको यसै वर्ष सम्पन्न हुन सक्ने अवस्था सृजना भएमा ०७७ जेठ १५ सम्म सम्झौता गरी कार्य अघि बढाउने र सम्पन्न हुन असम्भव देखिएका योजनाहरुलाई आगामी वर्षको क्रमागत योजनामा समावेश गराउने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७।०७८ का लागि गण्डकी प्रदेश सरकारद्वारा सञ्चालन गरिने विशेष तथा समपुरक अनुदान अन्तर्गत स्वीकृत हुने गरी देहाय बमोजिमका योजनाहरुको प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | प्रस्तावित योजनाको नाम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| **क) समपुरकका योजनाहरु** | | | |
| १. | दुइपिप्ले शिशाघाट टाकन्जा मोटर मार्ग | ६ | ३,००,००,०००। |
| २. | कोल्डस्टोर निर्माण | ११ | १,५०,००,०००। |
| ३. | फोहार मैला प्रशोधन केन्द्र निर्माण | ४/१० | २,००,००,०००। |
| ख) विशेष अनुदानका योजनाहरु | | | |
| १ | छाब्दीफाँट सिंचाई योजना | १ | २,००,००,०००। |
| २ | नरगा कलेस्ती फाँट सिंचाई योजना | ७ | २,००,००,०००। |
| ३ | पिपलटार सिंचाई योजना | ९ | १,००,००,०००। |

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा भारत सरकारको सहयोगमा सञ्चालित साविकको साना विकास परियोजना तथा हालको High Impact Community Development Projects अन्तर्गत स्वीकृत भएको यस नगरपालिका वडा नं.१४ स्थित श्री केशवटार माध्यमिक विद्यालयको भवन

निर्माण आयोजनाका सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या १५-०७६।७७ च.नं.४०७ मिति २०७७।१।३ को समन्वय तथा सहजीकरणका लागि यस नगरपालिकालाई प्राप्त पत्र बमोजिम आयोजना सम्पन्न गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने साथै विविध कारणवश आयोजनाको लागत ५,००,००,०००। (पाँच करोड) भन्दा बढी हुने गरी बढ्न गएमा सो रकम यस नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ मा स्वीकृत व्यास नगरपालिका वडा नं.१० अन्तर्गत बैरेनी खानेपानी योजना डिप बोरिङ निर्माण (ड्रिलिङ र मोटर फिटिङ सहित) कार्यक्रमको लागि रु.१०,००,०००। (दश लाख) रकम विनियोजन गरिएकोमा विनियोजित रकम भन्दा लागत बढी हुन आएको हुँदा आयोजना सम्पन्न भए पश्चात् अन्तिम मूल्यांकन प्रतिवेदन अनुसार थप रकम उपलब्ध गराउने गरी हाल आयोजना सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई कृषि तथा पशुजन्य उत्पादनमा आत्म निर्भर गराउँदै लैजाने उद्देश्यका साथ स्थानीय रेडियो तथा टेलिभिजनमा सो सम्बन्धी साप्ताहित गतिविधिहरु संचालन/प्रशारण गर्ने कार्यका लागि सम्बन्धित पक्षहरुसँग प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ बस्ने पुरुषोत्तम पौडेलले संचालन गरेको रानीपानी बृहद् कृषि फर्ममा २०७७।१।५ गतेको हावा हुरीले पक्की टनेलमा पूर्ण रुपमा क्षति पुर्‍याएको व्यहोरा सहित राहतका लागि सम्बन्धित वडाबाट सिफारिस भई आए अनुसार रु.१५,०००। (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत अधिकृत कर्मचारी श्री सावित्री आचार्यको खुट्टाको अप्रेसनका लागि उपचार खर्च वापत रु.४०,०००। (चालिस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत गजुरे स्वास्थ्य चौकीमा स्थापना गरिएको ल्याब सेवा सुचारु गर्नको लागि देहाय बमोजिमको परीक्षण शुल्क लिने गरी दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | सेवा | सेवा शुल्क |
|---|---|---|
| 1 | CBC (TC, DC, HB, Platelets) | 200 |
| 2 | EESR | 50 |
| 3 | BT | 50 |
| 4 | CT | 50 |
| 5 | Blood Grouping | 50 |
| 6 | RBS/F/PP | 50 |
| 7 | Urea | 150 |
| 8 | Creatinine | 120 |
| 9 | Uric Acid | 120 |
| 10 | Billirubin | 150 |
| 11 | Widal Test | 150 |
| 12 | RA Factor | 150 |

| | | |
|---|---|---|
| 13 | ASD Filter | 180 |
| 14 | TPNA | 200 |
| 15 | VDRL | 150 |
| 16 | HBsHG | 200 |
| 17 | HCV | 200 |
| 18 | Urine RLE/ME | 50 |
| 19 | Stool RE/ME | 50 |
| 20 | ANC Package | 750 |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा विपद् कोष्मा रहेको संचित रकम यस अघिको बैठकबाट कोरोना रोकथाम तथा नियन्त्रण कोषमा स्थानान्तरण भई गएकोले अनय प्रकोपजन्य कार्यहरु देखिन आएकोले विपद् कोषमा शीर्षक नं.४.१.१८ बाट रु.१०,००,०००। (दश लाख) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विभिन्न प्रकोपजन्य कार्यहरु र आकस्मिक राहत सेवा आवश्यक परेमा तत्काल बैठक बस्ने अवस्था नदेखिएको हुँदा वडा अध्यक्षहरुको सिफारिसमा आवश्यक निर्णय लिन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।